# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४९) काठमाडौं, चैत ३ गते २०५६ साल (अतिरिक्ताङ्क ५१ (ख)

## भाग ३

### निर्वाचन आयोगको सूचना

सम्वत् २०५६ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणाम पश्चात् राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) नामक राजनैतिक संगठन वा दलले, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ र ११४ बमोजिमको शर्तहरू पूरा गरेकोले आयोगको मिति २०५६।४।२७ को निर्णय अनुसार निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त राजनैतिक संगठन वा दलको रुपमा सूचिकृत गरी सो दलको निमित्त "मान्छेले जोतीरहेको हलो" निर्वाचन चिन्ह संरक्षित गरिएकोमा उक्त राजनैतिक संगठन वा दलको माग अनुसार आयोगको मिति २०५६।१२।३ को निर्णयले सो दललाई निर्वाचनको प्रयोजनका निमित्त मान्यता प्राप्त राजनैतिक संगठन वा दलको सूचीबाट हटाई उक्त दललाई प्रदान गरिएको निर्वाचन चिन्ह "मान्छेले जोतीरहेको हलो" उक्त दलको लागि संरक्षित गरिएको निर्वाचन चिन्हको सूचिबाट समेत हटाइएको हुँदा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २३ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

१८८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।